# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः १५, मितिः २०७९/०८/२४ गते


### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# विपन्न नागरिकहरुको लागि निःशुल्क विद्युत मिटर वितरण सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** चन्द्रकोट गाउँपालिकामा रहेका विपन्न नागरिकहरुलाई विद्युत सुविधाबाट वञ्चित नगराउन गाउँपालिकाका विपन्न नागरिकहरुलाई गाउँपालिकाको निःशुल्क विद्युत मिटर वितरण कार्यक्रम कार्यान्वयन गरी विपन्न नागरिकहरुको घरमा विद्युत पहुँच पुऱ्याई उनिहरुलाई स्थानीय सरकारको आभाष दिलाउन र विद्युत जडानका क्रममा मिटर किन्ने व्ययभार हटाउनका लागि चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन २०७९ बमोजिमको गाउँपालिकाको विपन्न नागरिकहरुलाई निःशुल्क विद्युत मिटर वितरण कार्यक्रमलाई व्यवस्थित गर्न विपन्न नागरिकहरुको लागि निःशुल्क विद्युत मिटर वितरण सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा गरी नागरिकको घरमाविद्युत पहुँच पुऱ्याउन र उज्यालो चन्द्रकोट अभियानलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, चन्द्रकोट गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः
(१) यस कार्यविधिको नाम “विपन्न नागरिकहरुको लागि निःशुल्क विद्युत मिटर वितरण सम्बन्धी कार्यविधि, २०७९” रहेको छ ।
(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अध्यक्ष” भन्नाले चन्द्रकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले चन्द्रकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले चन्द्रकोट गाउँपालिका र गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(घ) “निःशुल्क विद्युत मिटर वितरण” भन्नाले दफा ३(१) बमोजिम उपलब्ध गराइने सुविधालाई बुझ्नुपर्दछ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) “शाखा” भन्नाले गाउँपालिकाको योजना शाखालाई सम्झनु पर्छ ।

(छ) “समिति” भन्नाले दफा ६बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(ज)"कार्यदल" भन्नाले दफा ७ (घ) बमोजिम गठन हुने कार्यदललाई सम्झनु पर्दछ।

## परिच्छेद– २

## सेवाको प्रकार र लाभग्राही

३. **सेवाको प्रकारः** यस कार्यविधि बमोजिम देहाय बमोजिमका सेवा उपलब्ध गराइने छ।

(१) गाउँपालिकाको १००% लगानीमा विपन्न नागरिकहरुको घरमा निःशुल्क विद्युत मिटर, मिटर जडानको वायरिङ्ग शुल्क उपलब्धगराउने, सामुदायिक विद्युत उपभोक्ता समितिहरुले सदस्यता शुल्क छुट दिने तथा लाभग्राहीले विद्युत पोल देखि घरमा मिटर रहने स्थान सम्म तार तथा घरमा अन्य वायरिङ्गको प्रवन्ध गर्ने।

४. **लाभग्राहीः**

(१)दफा ३ बमोजिमको सेवा प्राप्त गर्नका लागि देहाय बमोजिम लाभग्राही हुनेछन।

(क) दफा ६ बमोजिमको समितिले सिफारिस गरेका विपन्न नागरिक निशुल्क विद्युत वितरणका लाभग्राही हुनेछन्।

## परिच्छेद-३

## सेवाको मापदण्ड सम्बन्धी व्यवस्था

५. **निःशुल्क विद्युत मिटर वितरणको मापदण्डः**

(१) गाउँपालिकाको शत प्रतिशत लगानीमा निःशुल्क विद्युत मिटर सुविधा उपलब्ध गराउन देहाय बमोजिको मापदण्ड पुरा गर्नु पर्नेछ।

(क) हाल सम्म विद्युत मिटर जडान नगरेको स्व-घोषणा सहितको वडा कार्यालयलाई सम्बोधन गरेको निवेदन।

(ख) नेपाली नागरिकताको प्रतिलिपि।

(ग) जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि (सुकुम्बासी नागरिकको हकमा सम्बन्धित वडाको सुकुम्बासी रहेको सिफारिस)

(घ) विपन्न नागरिक भएको चन्द्रकोट गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस

६.**समितिः**

(१)दफा ३(१) बमोजिम गाउँपालिकाको शत प्रतिशत लगानीमा विपन्न नागरिकलाई उपलब्ध गराइने निःशुल्क विद्युत मिटर वितरण सुविधालाई व्यवस्थित गर्न गाउँपालिकमा देहाय बमोजिमको समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) पूर्वाधार विकास समिति संयोजक - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(च) प्रशासन शाखा प्रमुख - सदस्य
(छ)योजना अधिकृत -सदस्य सचिव

समितिले आवश्यकता ठानेमा विभिन्न विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आफ्नो बैठकमा विशेष आमन्त्रण गर्न सक्नेछ।

७.**समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछन।

(क) निःशुल्क विद्युत मिटर वितरणका लागि वडाबाट आएका मध्ये विपन्न नागरिकहरु छनौट गर्ने,

(ख) निःशुल्क विद्युत मिटर वितरणका लागि छनौट हुने नागरिकहरुका बारेमा भएको निर्णय संलग्न गरी आवश्यक सिफारिस गर्ने।
तर, सिफारिस गर्दा दलित, अल्पसंख्यक, एकल महिला र अपाङ्गलाई प्रथामिकता दिनुपर्नेछ।

(ग) निःशुल्क विद्युत मिटर वितरण सुविधा प्राप्त गर्नेहरुको अभिलेख वडा कार्यालयहरु तथा सम्बन्धित शाखामा राख्ने र राख्न लगाउने।

(घ) निःशुल्क विद्युत मिटर वितरणका कार्यक्रमका लागि विशेष कार्यदल गठन गर्न सक्ने र सो कार्यदलको सुझाव तथा निर्णयबारे छलफल गरी कार्यान्वयन गर्ने।

## परिच्छेद – ५

## विविध

८. **निःशुल्क विद्युत मिटर वितरणको कार्यान्वयनः** यस कार्यविधि बमोजिम सिफारिस भई निःशुल्क विद्युत मिटर वितरणका लागि समितिबाट सिफारिस भई आएका लाभग्राहीको निःशुल्क विद्युत मिटर वितरण कार्यान्वयन गाउँपालिकाको पूर्वाधार शाखालेयथाशिघ्र गर्नेछ।

९.**कारवाहीः** यस कार्यविधि बमोजिम सुविधा उपलब्ध प्राप्त गर्ने शिलशिलामा गलतमनासाय राखी, सुविधा प्राप्त गर्न ढाँट छल गरेको प्रमाणित भएमा सुविधा बापत दिएको रकम बरावरको रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गरिनेछ।

१०. **संशोधन वा हेरफेरः** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्नसक्नेछ ।

११.**बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रकाशसकीय अधधिकृत